दफा ४ तथा अनुसूची-१ को भाग-२ संग सम्बन्धित

# स्थानीय राजपत्र

## मनहरी गाउँपालिकाबाट प्रकाशित

खण्डः ६ संख्याः ५ मितिः २०७९/०३/१५

# भाग-२

# मनहरी गाउँपालिका

# गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा प्रति विद्यार्थी एकाई लागत (Per Capita Funding) का आधारमा अध्यापन कार्यमा सहयोग अनुदान कार्यान्वयन निर्देशिका, २०७९

**कार्यापालिकाबाट स्वीकृत मिति : २०७९/०३/१०**

**प्रस्तावना**

यस गाउँपालिका क्षेत्र भित्र कानून वमोजिम अनुमति वा स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा शिक्षक व्यवस्थापन गर्नका लागि स्रोत उपलब्ध गराई विद्यालयमा अध्ययनरत सबै बालबालिकाले समान रुपमा सिक्न पाउने अबस्था सुनिश्चित गर्न मनहरी गाउँपालिकाको गाउँ शिक्षा ऐन २०७५ को दफा ४९ (२) दिएको अधिकार प्रयोग गरी **सामुदायिक विद्यालयमा प्रति विद्यार्थी एकाई लागत (Per capita Funding** ) का आधारमा शिक्षक व्यवस्थापन अनुदान निर्देशिका, २०७९ बनाई लागु गरिएकोछ।

**परिच्छेद १**

**संक्षिप्त नाम, प्रारम्भ र परिभाषा**

१. यस निर्देशिकाको नाम सामुदायिक विद्यालयमा प्रति विद्यार्थी एकाई लागत (Per Capita Funding) का आधारमा अध्यापन कार्यमा सहयोग निर्देशिका, २०७९ रहेकोछ।

२. यो निर्देशिका कार्यपालिकाबाट अनुमोदन भएको मिति देखि लागू हुनेछ।

३. यो निर्देशिका गाउँपालिका क्षेत्र भित्र सञ्चालित सम्पुर्ण सामुदायिक विद्यालयहरुमा लागू हुनेछ।

४. विद्यालय भन्नाले प्रचलित नेपाल कानुन वमोजिम अनुमति वा स्वीकृति प्राप्त गरी संचालित सबै तहका सामुदायिक विद्यालयलाई सम्झनु पर्दछ।



५. प्रति विद्यार्थी एकाई लागत भन्नाले गाउँ शिक्षा समितिबाट सिफारिस गरी गाउँ कार्यपालिकाबाट अनुमोदन पश्चात आन्तरिक स्रोतबाट उपलब्ध गराइने बजेटबाट नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकलाई १२ महिनाले गुणन गरी सम्बन्धित कक्षा वा तहमा सेवा उपलब्ध गराउनु पर्ने न्यूनतम विद्यार्थी संख्याले भाग गर्दा आउने रकम सम्झनु पर्दछ।

६. तलव स्केल भन्नाले उपलब्ध आन्तरिक स्रोतको आधारमा गाउँ शिक्षा समितिले निर्धारण गरेको रकमलाई सम्झनु पर्दछ।

**परिच्छेद २**

**उद्धेश्य**

७. **यस निर्देशिकाको उद्धेश्य देहाय वमोजिम रहेका छन्:**

७.१. विद्यार्थी संख्याको आधारमा विद्यालयलाई दिइने अनुदान निर्धारण गर्नु।

७.२. सामाजिक न्यायका आधारमा पारदर्शी रुपमा विद्यालयलाई अनुदान उपलब्ध गराउनु।

७.३. विद्यालय अनुदान वितरणमा एकरुपता कायम गर्नु।

७.४. शिक्षक दरबन्दीको अभावमा विद्यार्थीको पठन पाठनमा पर्ने प्रभावलाई कम गर्नु।

७.५. गुणस्तरीय शिक्षाको सुनिश्चिततामा टेवा पुर्‍याउनु।

७.६. विद्यालयमा बालमैत्रीपूर्ण शिक्षण सिकाई वातावरण निर्माण गर्न सहयोग पुर्‍याउनु।

**परिच्छेद ३**

**विद्यालय तह र प्रति विद्यार्थी एकाई लागत अनुदान निर्धारण गर्ने आधारहरु**

८. अनुदान वितरण प्रयोजनको लागि विद्यालयलाई राष्ट्रिय रुपमा निर्धारण गरिए बमोजिम प्राथमिक तह (१-३) अथवा (१-५), आधारभुत तह (१-८) र माध्यमिक तह (९-१०) संरचनालाई आधार मानिनेछ।

**९. प्रति विद्यार्थी एकाई लागत अनुदान गणना गर्ने प्रमुख आधारः**

गाउँपालिकाबाटयस बर्षको लागि राजश्व बाँडफाड शिर्षक अन्तर्गत विद्यालयहरुलाई अनुदान प्रदान गर्न आन्तरिक श्रोतबाट विनियोजन गरिएको रकम र गाउँपालिका भित्र सञ्चालनमा रहेका सामुदायीक विद्यालयमा चालू शैक्षिक सत्रमा भर्ना भई अध्ययनरत विद्यार्थी संख्यालाई अनुदान वितरणको लागि प्रमुख आधार मानिने छ। प्रति विद्यार्थी लागत अनुदान वितरण गर्दा उपलब्ध स्रोतको आधारमा शिक्षक विद्यार्थी अनुपात बढी भएका विद्यालयमा संचालित कक्षा संख्या भन्दा शिक्षक संख्या कम भएका विद्यालयहरुलाई उपलब्ध गराइने नीति लिइनेछ। विभिन्न तहमा प्रदान गरिने प्रति विद्यार्थी एकाई लागत अनुदान गणना गर्ने आधारहरु देहाय वमोजिम हुनेछन् ।

**९.१ प्राथमिक तह कक्षा (१-३), (१-५) र आधारभुत तह कक्षा (१-८) को हकमा :**

९.१ (क) यस तहमा प्रति विद्यार्थी एकाई लागत हिसाव गर्दा ४० विद्यार्थी बराबर १ शिक्षक अनुपात मानिने छ र रु. १५००० लाई न्यूनतम तलब स्केलको आधारमा हिसाव गणना गरिनेछ।

९.१ (ख) तोकिएको न्युनतम तलब रु. १५००० लाई १२ महिनाले गुणन गर्दा आउने रकमलाई प्रति कक्षा विद्यार्थी संख्या ४० ले भाग गरी प्रति विद्यार्थी एकाई लागत हिसाव गरिने छ।

९.१ (ग) विद्यालयमा दरबन्दी वा लियन वा राहत वा यस वर्षको लागि संघीय सरकारबाट प्रदान गरिएको शिक्षक अनुदान रकम प्राप्त गर्ने शिक्षक गरी प्राथमिक र निम्न माध्यमिक तहमा कार्यरत कुल शिक्षक संख्यालाई प्रति कक्षा तोकिएको विद्यार्थी संख्या (४०) ले गुणन गर्दा आउने गुणनफल भन्दा विद्यार्थी संख्या बढी भएमा सो बढी भएको विद्यार्थी संख्यालाई ९.१ (ख) बमोजिमको प्रति विद्यार्थी एकाई लागतले गुणन गर्दा आउने रकम विद्यालयको खातामा एकमुष्ट रुपमा अध्यापन कार्य सहयोग अनुदानको रुपमा उपलब्ध गराउन सकिनेछ।

९.१ (घ) प्राथमिक तह (१-३) र (१-५) कक्षा सञ्चालन भएका कुनै विद्यालयमा दरबन्दी वा लियन वा राहत वा संघीय सरकारबाटप्रदान



गरिएको शिक्षक अनुदान रकम प्राप्त गर्ने शिक्षक गरी कुल शिक्षक संख्या २ वा सो भन्दा कम र शिक्षक विद्यार्थी अनुपात १:२५ वा सो भन्दा बढी भएमा त्यस्ता विद्यालयहरुलाई बहुकक्षा शिक्षण प्रोत्साहन स्वरुप प्रति विद्यालय रु ६०,००० (साठी हजार रुपैयाँ) एकमुष्ट अनुदान रकम प्रदान गरिनेछ।

९.१ (ङ) निम्न माध्यमिक तह (१-८) कक्षा सञ्चालन भएको कुनै विद्यालयमा दरबन्दी वा लियन वा राहत वा संघीय सरकारबाट प्रदान गरिएको शिक्षक अनुदान रकम प्राप्त गर्ने शिक्षक गरी कुल शिक्षक संख्या ५ वा सो भन्दा कम र शिक्षक विद्यार्थी अनुपात १:२५ वा सो भन्दा बढी भएमा शिक्षक प्रोत्साहन स्वरुप प्रति विद्यालय रु १५०,००० (एकलाख पचार हजार रुपैयाँ) मात्र एकमुष्ट अनुदान रकम प्रदान गरिने छ।

९.१ (च) सामान्यतयाः विद्यालयमा विद्यार्थी संख्या बढेमा यस किसिमको अनुदान रकम बढ्ने र विद्यार्थी संख्या घटेमा यस किसिमको अनुदान रकम सोहि अनुसार घट्ने भएकाले विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या र यस किसिमको अनुदानको विचमा सह सम्बन्ध सुनिश्चित गर्न विद्यालयले पाउने अध्यापन कार्यमा सहयोग अनुदान रकमलाई स्थानीय स्रोतबाट उपलब्ध हुन सक्ने अनुदानको आधारमा थपघट गर्न वा निर्णय परिवर्तन गर्न सकिनेछ।

**९.२. माध्यमिक तह कक्षा (९-१०) को हकमा :**

९.२ (क) यस तहमा प्रति विद्यार्थी एकाई लागत हिसाव गर्दा ४५ विद्यार्थी बराबर १ शिक्षक अनुपात मानिने छ र नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक रु. १५००० लाई न्यूनतम तलब स्केलको आधारमा हिसाव गणना गरिनेछ।

९.२ (ख) यस तहको लागि तोकिएको न्यूनतम तलब स्केल रु. १५००० लाई १२ महिनाले गुणन गर्दा आउने रकमलाई प्रतिकक्षा विद्यार्थी संख्या ४५ ले भाग गरी आउने भागफललाई प्रति विद्यार्थी एकाई लागतको रुपमा गणना गरिनेछ।

९.२ (ग) विद्यालयमा दरबन्दी वा लियन वा राहत वा संघीय सरकारबाट

प्रदान गरिएको शिक्षक अनुदान रकम प्राप्त गर्ने शिक्षक गरी कुल शिक्षक संख्यालाई प्रति कक्षा तोकिएको विद्यार्थी संख्या (४५) ले गुणन गर्दा आउने गुणनफल भन्दा विद्यार्थी संख्या बढी भएमा सो बढी भएको विद्यार्थी संख्यालाई ९.२ (ख) बमोजिमको प्रति विद्यार्थी एकाई लागतले गुणन गर्दा आउने रकम विद्यालयको खातामा एकमुष्ट रुपमा अध्यापन कार्य सहयोग अनुदानको रुपमा उपलब्ध गराउन सकिनेछ।

९.२ (घ) सामान्यतयाः विद्यालयमा विद्यार्थी संख्या बढेमा यस किसिमको अनुदान रकम बढ्ने र विद्यार्थी संख्या घटेमा यस किसिमको अनुदान रकम सोहि अनुसार घट्ने भएकाले विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या र यस किसिमको अनुदानको विचमा सह सम्बन्ध सुनिश्चित गर्न विद्यालयले पाउने अध्यापन कार्यमा सहयोग अनुदान रकमलाई गाउँपालिकाको उपलब्ध हुन सक्ने स्रोतको आधारमा थपघट गर्न वा निर्णय परिवर्तन गर्न सकिनेछ।

१०. बहुकक्षा शिक्षण गरेवापतको रकम र शिक्षक प्रोत्साहन अनुदान आधारभुत प्राथमिक तह (१-), (१-५) र आधारभुत (१-८) कक्षासम्म सञ्चालित विद्यालयहरुलाई मात्र प्रदान गरिनेछ।

११. माथी उल्लिखित नियम ९.१ र ९.२ अन्तर्गतका उपनियमहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि आधारभुत तह (१-८) तथा माध्यमिक तह (९-१०) कक्षा सञ्चालित विद्यालयहरुमा तहगत शिक्षक दरबन्दी (स्थायी, अस्थायी, राहत, लियन, संघीय सरकारबाट प्रदान गरिएको शिक्षक अनुदान रकम) उपलब्ध नभएको वा सवै भन्दा कम भएको विद्यालयलाई प्राथमिकता दिइनेछ।

१२. माथि नियम ९.१(ग) र ९.१(घ) अनुसार प्राप्तहुने अनुदान रकमबाट विद्यालय व्यवस्थापन समितिबाट निर्णय गरी आधारभुत तह (१-५) वा (१-८) मा अध्यापन गर्ने शिक्षकको व्यवस्था मिलाउनु पर्नेछ भने ९.२ (ग) अनुसार प्राप्त हुने रकमबाट माध्यमिक तह (९-१०) मा अध्यापन गर्ने शिक्षकको व्यवस्था मिलाउनु पर्नेछ।



## परिच्छेद ४

### अनुदान प्राप्त गर्ने विद्यालयले पुरा गर्नुपर्ने पुर्व शर्तहरु

१३. आधारभुत तह (१-८) र माध्यमिक तह (९-१०) मा शिक्षकको व्यवस्थापन गर्दा गणित, अंग्रेजी र विज्ञान विषयलाई प्रथामिकता दिनु पर्नेछ । विद्यालयमा तहगत रुपमा गणित, अंग्रेजी र विज्ञान पढाउने व्यवस्थापन गर्न पाइनेछ ।

१४. विद्यालय व्यवस्थापन समिति अनिवार्य रुपमा गठन भएको हुन पर्नेछ।

१५. विद्यालयलाई यस प्रकारको शिक्षण सिकाई अनुदान प्राप्त गर्न विद्यालयले चालू शैक्षिक बर्षको IEMIS भरेको र यस भन्दा पूर्व आर्थिक बर्षको लेखा परीक्षण र सामाजिक परीक्षण गरेको हुनु पर्नेछ।

१६. रु १८०००० वा सो भन्दा बढी अनुदान रकम प्राप्त गर्ने विद्यालयहरुले यस कार्यक्रमबाटप्राप्त हुने अनुदान रकमबाट विद्यालयले शिक्षक व्यवस्थापन गर्दा शिक्षक सेवा आयोग नियमावाली, २०५७ नियम ९ र १० ले तोके वमोजिम योग्यता र तालिम भएको व्यक्तिलाई प्रतियोगिता मार्फत् छनौट गरी विद्यालय व्यवस्थापन समितिले काममा लगाउन सक्नेछ।

१७. रु १८०००० भन्दा कम अनुदान रकम प्राप्त गर्ने विद्यालयहरुले न्यनतम एसइई उतीर्ण योग्यता निर्धारण गरी विद्यालय व्यवस्थापन समितिबाट सामान्य प्रक्रिया पुरा गरी दैनिक ज्यालादारी वा स्वयम सेवक शिक्षकको रुपमा नियुक्ति गर्न पर्नेछ।

१८. विद्यालयले विद्यालय सुधार योजना निर्माण गरेको हुनु पर्नेछ र उक्त योजनामा आफ्नो सेवा क्षेत्र भित्र घरधुरी सर्वेक्षण गरी विद्यालय भर्ना हुन बांकी सबै बालबालिका विद्यालय भर्ना गराउने कार्ययोजना समेत तयार गरी कार्यान्वयन गर्नु पर्नेछ।

१९. विद्यालयमा भर्ना भएका बालबालिका मध्ये कम्तिमा ९० प्रतिशत नियमित उपस्थिति गराउने कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु पर्नेछ।

२०. विद्यालयको अन्तिम परीक्षाको नतिजामा कम्तिमा ७० प्रतिशत वा सो भन्दा बढी विद्यार्थी उत्तीण हुने गरी कार्ययोजना बनेको हुन पर्नेछ।

## परिच्छेद – ५

## संशोधन तथा परिमार्जन

**(१२) संसोधन गर्न सक्ने :** गाउँपालिकाले यस निर्देशिकालाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार गाउँ कार्यपालिकाको बैठकबाट संशोधन तथा परिमार्जन गर्न सक्नेछ।

**आज्ञाले**

**मोहनकुमार श्रेष्ठ**

**प्रमुख प्रशासकीय अधिकृत**